*हाम्रो वन सम्पदा*को यो अङ्क तपाईको हातमा पुऱ्याउन पाउँदा हामीलाई खुशी लागेको छ । वन तथा वातावरण व्यवस्थापनका साथै गरीबी न्यूनिकरणका क्षेत्रमा काम गर्ने सहजकर्ता, कार्यकर्ता, स्थानीय जनता तथा नीतिनिर्माताहरू समेतले यो पत्रिका उपयोगी भएको भन्ने जानकारी हामी समक्ष पठाइरहेकोले हामीलाई यसको प्रकाशनमा थप हौसला मिलेको छ ।

पत्रिकामा छाप्ने सामाग्रीको खोजी गर्ने क्रममा यसपटक नेपालमा बेलायत सरकारको सहयोगमा सञ्चालित जीविकोपार्जनका लागि वन कार्यक्रमका अनुभवहरूलाई प्राथमिकताका साथ राखेका छौं । उक्त कार्यक्रममा लामो समयदेखि कार्यरत व्यक्तिहरूका अनुभव, सिकाइ र भावनाहरूलाई समेटिएका लेख रचनाहरू उनीहरूकै कलम मार्फत् प्रष्फुटन गर्ने कार्यमा क्षमता अभिवृद्धि गर्दै लेख्न समेत अभिप्रेरित गरी तयार पारिएका लेख रचनाहरु यस पत्रिकामा छापिएका हुन् । यस पत्रिकामा समेटिएका अधिकांश लेखहरू फरेष्टएक्सनको अंग्रेजी भाषामा निस्कने पत्रिका "जर्नल अफ फरेष्ट एण्ड लाइभलीहुड" मा समेत प्रकाशित भइसकेका छन् । नेपाली भाषामा समेत पढ्ने पाठकका लागि उपयुक्त हुने देखि लेखहरूलाई अनुवाद गरेर यसमा समावेश गरेका हौं । एउटै कार्यक्रममा काम गर्ने व्यक्तिहरूले सोही कार्यक्रमसँग सम्बन्धित अनुभव र सिकाइहरूलाई विभिन्न दृष्टिकोणबाट व्याख्या, विश्लेषण गरि प्रस्तुत लेखहरू विविधता खोज्ने पाठकका दृष्टिमा केही खल्लो हुनसक्ने सम्भावनालाई नकार्न सकिन्न । तर हामीलाई के विश्वास छ भने लेखले समेटेका दृष्टिकोण, जानकारी, तर्क तथा अनुभवहरूले विविधता मनपराउने पाठकहरूलाई पनि पूर्ण सन्तुष्टी दिनेछ । उक्त पत्रिकामा छापिएका लेखहरुले जीविकोपार्जनका लागि वन कार्यक्रमका विभिन्न पक्षहरु समेटेकाले पाठकलाई उक्त कार्यक्रमको बारेमा अझै गहिराईमा बुझ्नको लागि मद्दत गर्नेछ ।

यस पत्रिकामा समावेश गरिएका लेख रचनाहरु खासगरी स्थानीय स्रोत परिचालन गरी गरिन सकिने गरीबीन्यूनिकरण, तराईको वन व्यवस्थापनमा देखिएका गतिरोधलाई फुकाउन गरिएका प्रयासहरू, जडीबुटी तथा गैर काष्ठ वन पैदावरमा आधारित उद्यम सञ्चालनमा परेका नीतिगत तथा व्यवहारिक चुनौतीहरू, सक्रिय वन व्यवस्थापन गरी स्थानीय तहमा वन व्यवस्थापन गरी स्थानीय जनतालाई बढी भन्दा बढी फाइदा पुऱ्याउने तरिकाहरू, स्थानीय तहमा वन व्यवस्थापन तथा सुशासनलाई व्यवस्थित गर्न सकिने तरिका र विधीहरू, सामुदायिक वन उपभोक्ता समूहहरूले स्थानीय विकासमा पुऱ्याएका योगदानहरू तथा राजनीतिक द्वन्दका बेलामा सामुदायिक वन समूहहरूले गरीबीन्यूनिकरणमा पुऱ्याएका योगदानहरू आदिका सम्बन्धमा छन् ।

*हाम्रो वन सम्पदा*को यो अङ्क दातृसंस्थाद्वारा सञ्चालित वन परियोजनाका सिकाईहरुका बारेमा भएका यहाँहरूका केही जिज्ञाशा मेट्न तथा नयाँ जिज्ञासा जन्माउन सफल हुनेछ भन्ने अपेक्षा लिएका छौं । अन्त्यमा आफ्ना अमूल्य रचना, विचार, सल्लाह र सुझावहरू दिइ यस पत्रिकाको निरन्तरताको लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण सहयोगी मित्रहरूलाई धन्यवाद दिदै आगामी अङ्कहरूमा पनि यहाँहरूको योगदान पाउने विश्वास गर्दछौं ।

सम्पादक